# सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सुलिचौर रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

# सुनिलस्मृति गाउँपालिकाको गाउँ युवा परिषद सञ्चालन कार्यविधि, २०८०

# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः........... संख्याः.......... मितिः............

भागः...........

## सुनिलस्मृति गाउँपालिका

नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकावाट पारित उल्लेखित गाउँ युवा परिषद सञ्चालन कार्यविधि, २०८० स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा

प्रस्तावना मिति:२०८०/६/२१

स्वीकृत मिति:२०८०/६/२२

प्रमाणीकरण मिति:२०८०/६/२२

# प्रस्तावना

सुनिलस्मृति गाउँपालिकाका युवाहरुको हक हितको संरक्षण र प्रबर्द्धन गर्दै उनीहरुको सशक्तीकरण एवं समग्र विकासका साथै शिक्षा, स्वास्थ्य,  वकालत र पैरवी मार्फत सामाजिक र आर्थिक पक्षको विकास गर्न, सीप र उद्यमशलिताका माध्यमबाट स्वस्थ, अनुशासित र स्वरोजगार युवाहरुको विकास गर्न तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत गाउँपालिका निर्माणका लागि नीति निर्माण देखि कार्यान्वयन तह सम्म युवाहरुको सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायका युवाहरुलाई गाउँ विकासको मुलप्रवाहमा समाहित गर्न का लागी कार्यविधि बनाई कार्यान्वयन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी सुनिलस्मृति गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः–**

(१) यस कार्यविधिको नाम **'सुनिलस्मृती गाउँपालिकाको  गाउँ युवा परिषद सञ्चालन कार्यविधि, २०८०'** रहेको छ ।

(२) यो कार्यविधि प्रमाणीकरण भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमाः

(क) 'अध्यक्ष' भन्नाले गाउँ युवा परिषदको अध्यक्ष सम्झनु पर्छ।

(ख) 'उपाध्यक्ष' भन्नाले गाउँ युवा परिषदको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले कार्यविधिको अधिनमा रहि कार्यापालिका वा गाउँपालिका सभाबाट तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) 'परिषद' भन्नाले यस कार्यबिधिको दफा-५ बमोजिम स्थापना भएको पालिका युवा परिषद सम्झनुपर्छ।

(ङ) 'युवा' भन्नाले १६ वर्षदेखि ४० वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनुपर्छ।

(च) 'विशेष समुदायको युवा' भन्नाले द्वन्दपिडित, जोखिममा परेका, दलित, जनजाति, गरिबीको रेखामुनी रहेका, अपाङ्गता भएका वा सिमान्तकृत तथा अल्पसङ्ख्यक समुदायका युवा सम्झनुपर्छ।

(छ) 'सदस्य' भन्नाले पालिका युवा परिषदका पदाधिकारी, सदस्य र सदस्य सचिब समेतलाई जनाउँछ।

(ज) 'गाउँपालिका' भन्नाले सुनिलस्मृती गाउँपालिका लाई जनाउँछ।

(झ) 'क्लब' तथा 'सञ्जाल' भन्नाले यस कार्यबिधिको दफा-११ बमोजिम टोल र वडामा गठन हुने युवाहरुको क्लब र सञ्जाल लाई जनाउँछ।

## परिच्छेद–२

## परिषदको स्थापना

### ३. परिषदको स्थापनाः–

(१) प्रस्तावनामा उल्लेखित कार्यहरुसमेतका लागि गाउँपालिकामा गाउँ युवा परिषद स्थापना गरिनेछ |

(२) गाउँ युवा परिषदको कार्यालय गाउँपालिकाको कार्यालयमा वा गाउँपालिकाले तोकेको स्थानमा रहनेछ |

(३) परिषदले गाउँपालिकाको स्वीकृति लिई गाउँपालिकामा अन्य स्थानमा पनि आफ्नो सम्पर्क कार्यालय संचालन गर्नसक्नेछ।

### ४. परिषद स्वशासित र संगठित संस्था हुने

(१) परिषद एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषदको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषदले व्यक्ति सरह चल अचल सम्पत्ति आर्जन गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किमिसले व्यवस्थापन गर्न सक्नेछ। तर परिषदले चल अचल सम्पत्ति बेचबिखन गर्नु अघि अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(४) परिषदले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषदले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद–३

## परिषदको गठन र काम, कर्तव्य

### ५. परिषदको गठनः–

(१) २६ सदस्यीय गाउँ युवा परिषद गठन देहाय बमाजिम हुनेछः

(क) गाउँपालिका प्रमुख- अध्यक्ष

(ख) अध्यक्षले मनोनयन गरेको एक जना युवा-उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) युवा विकासको क्षेत्रमा योगदान गरेकामध्ये परिषदले मनोनित गरेका कम्तिमा दुइ जना महिला सहित पाँच जना युवा- सदस्य

(ङ) प्रत्येक वडाका वडास्तरीय युवा क्लब\सञ्जालबाट प्रतिनिधित्व हुने गरी वडाले सिफारिस गरेका कम्तिमा तीन जना महिला सहित आठ जना- सदस्य

(च) विशेष समुदायबाट (दलित, जनजाती, अपांगता भएका, द्वन्द्व पिडीत, सिमान्तकृत) परिषदले मनोनित गरेको दुई जना महिला समेत पाँच जना- सदस्य

(छ) संयोजक, सामाजिक विकास समिति – सदस्य

(ज) प्रमुख, स्वास्थ्य शाखा – सदस्य

(झ) प्रमुख, महिला तथा बालबालिका शाखा- सदस्य

(ञ) प्रमुख, सामाजिक सुरक्षा शाखा- सदस्य

(ट) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा–सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको भनि पिरषदले निर्णय गरेमा गाउँपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) दफा (५) को उपदफा (१) को खण्ड (ख) बमोजिमको उपाध्यक्ष पदका लागि युवाको हक हितको संरक्षण, सम्बर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा दुई वर्ष काम गरेको प्रतिष्ठित युवामध्येबाट मनोनयन गर्नु पर्नेछ।

(६) उपाध्यक्षको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा माध्यमिक शिक्षा उत्तिर्ण भएको हुनु पर्नेछ।

उपदफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि माध्यमिक शिक्षा उत्तिर्ण भएको व्यक्ति उपलव्ध हुन नसकेमा एसइइ वा सो सरह उत्तिर्ण भएको हुन सक्नेछ।

(७) परिषदको पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ।

(क) १६ बर्ष पूरा भई ४० बर्ष ननाघेको नेपाली नागरिक,

(ख) परिषद्को कार्यवारे पर्याप्त जानकारी भई योगदान पुर्याउन सक्ने,

(ग) युवाहरुको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको,

(घ) गाउँपालिकाको नागरिक, गाउँपालिका भित्र बसोबास गरी योगदान पुर्याइरहेको,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति

(च) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(छ) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति ।

## ६. परिषदको काम, कर्तव्य र अधिकारः

यस कार्यबिधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) युवा सम्बन्धी गाउँपालिकाको दीर्घकालिन नीति तर्जुमाको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने।

(ख) गाउँपालिका बाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी वार्षिक योजना तथा कार्यक्रम बनाई गाउँपालिकामा पेश गर्ने ।

(ग) परिषदसँग आबद्धता प्राप्त गर्ने संघसंस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने ।

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवा स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने।

(ङ) युवालाई गाउँपालिका तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने।

(च) परिषदको वार्षिक योजना कार्यक्रमका तथा बजेट प्रस्ताव गरी गाउँपालिकामा पेश गर्ने ।

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र पालिकालाई राय सुझाव दिने।

(ज) पालिकास्तरमा युवा जागरण, सशक्तिकरण र परिचालनका कार्यक्रमहरु संचालन गर्ने।

(झ) पालिकास्तरका युवामा विशेष सिप उद्यमशिलता तथा नेतृत्व विकासम्बन्धि कार्यहरु गर्ने।

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषदसँग समन्वय तथा सहकार्य गर्ने।

(ट) परिषदको लागि आवश्यक कर्मचारीको दरबन्दी संख्या निर्धारण गरि प्रस्ताव गर्ने ।

(ठ) युवाका क्षेत्रमा संघ, प्रदेश तथा अन्य पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने।

(ड) युवाहरु बिच नवप्रवर्तन तथा विशेष क्षमता अभिबृद्धिका कार्यहरु गर्ने ।

(ढ) गाउँपालिकामा रहेका बाल क्लब, बाल तथा युवा सञ्जाल, युवा क्लब तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गरि सामाजिक बिकृति तथा कुप्रथा अन्त्य गर्न पहल गर्ने ।

(ण) गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिकाको घोषणा तथा कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरु संचालन गर्ने ।

(त) बालबालिका, असाहय तथा अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुका हितमा कार्यहरु गर्ने।

(थ) वकालत र पैरवी मार्फत सामाजिक, आर्थिक पक्षको विकास गर्ने।

(द) तोकिएका अन्य कार्यहरु गर्ने।

**७. परिषदको बैठक सम्बन्धि व्यवस्था**

(१) परिषदको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ। तर दुई बैठक बीचको अन्तर सामान्यतया तीन महिनाभन्दा बढी हुने छैन ।

(२) परिषदको बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषदको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको जानकारी सदस्य–सचिवले सदस्यहरुलाई दिनु पर्नेछ।

(४) परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषदको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषदको बैठकको अध्यक्षता, अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषदको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषदको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरि छुट्टै किताबमा राख्नु पर्नेछ |

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(९) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–४

# कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

## ८. कार्यकारी समितिको गठनः

(१) परिषदको कार्यकारी निकायको रुपमा पाँच सदस्यिय एक कार्यकारी समिति रहने छ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः

क) परिषदको उपाध्यक्ष- अध्यक्ष

ख) परिषदले मनोनित गरेको सदस्य- उपाध्यक्ष

ग) परिषदका सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला रहने गरी परिषदले मनोनित गरेका दुइजना- सदस्य

घ) गाउँपालिकाको युवा सम्बन्धि काम हेर्ने सम्बन्धित शाखाको प्रमुख कर्मचारी - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको पदावधि परिषदको सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

## ९. कार्यकारी समितिको वैठक सम्बन्धि व्यवस्थाः

(१) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) कार्यकारी समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी समितिको अध्यक्षको अनुपस्थितिमा उपाधयक्षले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न

सक्नेछ ।

(४) कार्यकारी समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषय कार्यसूची सहितको जानकारी सदस्य सचिवले समितिका सदस्यहरुलाई दिनुपर्नेछ ।

(५) कार्यकारी समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(७) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ, मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) कार्यकारी समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(९) कार्यकारी समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) कार्यकारी समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः

(१) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषदको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद समक्ष पेश गर्ने।

(ख) परिषदबाट स्वीकृत नीति र मार्गदर्शनको अधिनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(ग) युवा सम्बन्धि विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने ।

(घ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्यक्रम संचालन गर्ने ।

(च) परिषदको मातहतमा रहि दैनिक कार्य संचालन गर्ने ।

(छ) परिषदको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) कार्यकारी समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(२.१) **अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) परिषदको कार्यकारी समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने,

(ख) सदस्य सचिवलाई बैठक वोलाउन आदेश दिने,

(ग) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(घ) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यन्वयन गर्ने, गराउने,

(ङ) गाउँपालिका तथा प्रमुखसंग सम्पर्क, समन्वय गर्ने,

(च) परिषदको कोषको खाता सदस्य सचिवसँग सञ्चालन गर्ने,

(छ) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,

(ज) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(झ) पदाधिकारी तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्ने,

(ञ) परिषदको कामको अनुगमन तथा नियमन गर्ने\गराउने,

(ट) परिषद्ले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

(२.२) **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षलाई सहयोग गर्ने,

(ख) परिषद्को कार्यहरुको अनुगमन गर्ने\गराउने,

(ग) परिषद् तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने\गराउने,

(घ) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,

(ङ) परिषद्को तर्फबाट गर्नुपर्ने प्रशासनीक सम्पूर्ण कार्य गर्ने\गराउने,

(च) परिषद्को सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने, गराउने ।

(छ) परिषद्को कोष सञ्चालन गर्ने ।

(छ) परिषद्को नाममा रहेको बैंक खाता अध्यक्षसँग संयुक्त रुपमा सञ्चालन गर्ने ।

(ज) कानून बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लगाउने ।

(झ) नियमित लेखा परीक्षण गराउने र प्राप्त भएका बेरुजु फर्छ्यौट गर्ने ।

(२.३) **उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

(क) अध्यक्षलाई सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने\गराउने,

(ग) परिषद्को कार्यहरुको अनुगमन गर्ने\गराउने,

(घ) परिषद् तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने\गराउने,

(२.४) **सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्ष तथा परिषदको कार्यकारी समितिलाई सहयोग गर्ने ।

(ख) बैठकमा सहभागी हुने ।

(ग) परिषदको कार्यकारी समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–५

## टोल स्तरका युवा क्लब तथा सञ्जाल गठन तथा काम, कर्तव्य र अधिकार

### ११. युवा क्लब तथा सञ्जाल को गठन

(१) गाउँपालिका क्षेत्रका टोल/ समुदायस्तरमा युवा क्लब/ सञ्जाल गठन गरिनेछ ।

(२) सम्बन्धित टोल/ समुदायस्तरमा युवाहरुको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्ष १/१ जना तथा ४ देखि ६ जना सम्म सदस्य रहने गरि युवा क्लब तथा सञ्जालको कार्य समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य समितिको सदस्य हुन देहायको योग्यता पुगेको हुनुपर्ने छ |

(क) सम्बन्धित टोल समुदायमा बसोवास गरेको ।

(ख) उमेर १६ वर्ष पुरा भई २४ वर्ष ननाघेको ।

(४) उपदफा (३) बमोजिम गठन भएको युवा क्लब तथा सञ्जालको कार्यसमितिले सम्बन्धित वडा कार्यालयमा दर्ता/ सूचीकृत तथा आबद्दताको लागि निवेदन दिनुपर्नेछ ।

(५) वडा कार्यालयमा दर्ताका लागि युवा क्लब तथा सञ्जाल हरुबाट उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा सुचिकृत आबद्धता वा दर्ता गरी प्रमाण-पत्र दिनुपर्नेछ।

(६) युवा क्लब/ सञ्जाल ले सम्बन्धित वडाको जनप्रतिनिधि समावेश गरी बढीमा ५ जनासम्म रहेको सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

(७) अन्य निकायमा दर्ता भएका युवा क्लब/ सञ्जालहरुले वडा कार्यालयमा सूचिकृत वा आवद्धता प्रमाण पत्र प्राप्त गरेर मात्र आफ्ना कार्यक्रमहरु संचालन गर्न सक्नेछन।

(८) युवा क्लब/ सञ्जालले संचालन गरेका कार्यक्रमहरु तथा अन्य काम कुरामा सम्बन्धित वडा समितिका कार्यालयले रेखदेख, अनुगमन तथा मार्गदर्शन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु टोलस्तरीय क्लब/ सञ्जालको कर्तव्य हुनेछ ।

(१०) युवा क्लब/ सञ्जालमा एकै टोल समुदायमा बसोबास रहेका कम्तिमा ३० जना युवा साधारण सदस्य रहेको हुनु पर्नेछ ।

## १२. युवा क्लब\सञ्जालको काम, कर्तव्य र अधिकार

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) परिषदसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) पालिका तथा वडा स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार, तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(४) लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास, वालविवाह, आत्महत्या जस्ता सवालहरु र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा वकालत/ पैरवी कार्यक्रम सञ्चालन गर्ने ।

(५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद पूर्व तयारी तथा राहत उद्धार कार्यमा वडा समिति, परिषद तथा गाउँपालिका समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(६) राष्ट्रिय युवा परिषद, प्रदेश युवा परिषद, पालिका युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(७) प्रत्येक युवा क्लब/ सञ्जालले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तीमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने।

(८) टोल तथा वडा स्तरमा युवाको तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

(९) परिषद तथा वडा युवा सञ्जालले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने।

## १३. युवा क्लव/ सञ्जालको बैठक सम्बन्धी व्यवस्था

(१) युवा क्लव/ सञ्जाल को बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ ।

(२) कुल पदाधिकारी संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(३) बैठक महिनामा १ पटक अनिवार्य बस्नुपर्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ ।

(४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी अध्यक्षले प्रमाणित गरि अभिलेख राख्नुपर्नेछ।

(५) बैठक सम्बन्धी अन्य व्यवस्था युवा क्लब/ सञ्जाल आफैंले निर्धारण गर्नेछ ।

## परिच्छेद– ६

## वडा तथा पालिका स्तरिय युवा सञ्जाल सम्बन्धी

### १४. वडा युवा सञ्जाल सम्बन्धि व्यवस्था

(१) वडाभित्र क्रियाशील रहेका टोल समुदायस्तरका युवा क्लव/ सञ्जालका प्रतिनिधि रहेको छुट्टै वडास्तरीय युवा सञ्जाल गठन गरिनेछ।

(२) वडास्तरीय युवा सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/ १ जना र ६ देखि १० जनासम्म सदस्य रहनेछन।

(३) वडास्तरीय युवा सञ्जालको संरक्षक वडा अध्यक्ष हुनेछ।

(४) आमन्त्रित गरिएको वखत युवा सञ्जालको बैठकमा उपस्थित हुनु वडाका जनप्रतिनिधिहरुको कर्तव्य हुनेछ।

(५) वडा युवा सञ्जालको कामकारवाही संचालन तथा बैठक व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने फर्निचर, मसलन्द लगायतको व्यवस्था सम्बन्धित वडा कार्यालयबाट मिलाईदिनु पर्नेछ।

(६) वडा युवासञ्जालको बैठक सम्बन्धी व्यवस्था यस कार्यविधिको दफा १३ मा उल्लेखित युवा क्लब/ सञ्जालको बैठक सम्बन्धी व्यवस्था बमोजिम नै हुनेछ।

(७) वडास्तरीय युवा सञ्जालको काम, कर्तव्य र अधिकार यस कार्यविधिको दफा १२ मा उल्लेखित युवाक्लब/ सञ्जाल को काम, कर्तव्य र अधिकार बमोजिम नै हुनेछ। यस बाहेक वडा युवासञ्जालले देहायका थप कार्यहरु समेत सम्पादन गर्नुपर्नेछ।

(क) वडा भित्र रहेका युवाक्लब/ सञ्जालहरु बिच सम्पर्क समन्वय र अनुगमन गर्ने।

(ख) सम्पर्क र अनुगमनका क्रममा देखिएका समस्याहरु बैठकमा छलफल गरी वडाका जनप्रतिनिधि समेतको समन्वयमा समाधान गर्ने प्रयत्न गर्ने।

(ग) वडास्तरमा संचालन हुने युवा सम्बन्धि अन्य कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागी हुने।

(घ) गाउँपालिका युवा सञ्जालसँग निकट सम्पर्कमा रहने र गाउँपालिका युवासञ्जालको निर्देशन बमोजिमका कार्यहरु सम्पादन गर्ने।

(ङ) टोल समुदायस्तरमा युवाक्लव/ सञ्जाल हरुको गठन र संचालन गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने ।

(च) वडा युवा सञ्जालको गाउँपालिकामा आबद्दता दर्ताको लागि आवश्यक कागजात सहित निवेदन दिई प्रमाण पत्र लिने ।

(छ) गाउँपालिकाले संचालन गरेको बालमैत्री स्थानिय सुशासनयुक्त पालिका घोषणाको अभियान तथा सोको कार्यान्वयनमा सक्रिय रुपले सहभागि हुने ।

(ज) गाउँपालिकाले संचालन गरेका अभियानमुलक अन्य कार्यक्रमहरुमा गाउँपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागि हुने ।

## **१५. गाउँपालिकास्तरिय युवा सञ्जालको गठन**

(१) वडा युवासञ्जालका प्रतिनिधि समेत संलग्न हुने गरी एक पालिका स्तरीय सञ्जाल गठन गरिनेछ ।

(२) पालिकास्तरीय युवा सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१जना र १० जना सदस्य रहनेछन ।

(३) पालिका युवा सञ्जालको गठन समावेशी आधारमा गरिनेछ ।

(४) पालिका युवा सञ्जालको संरक्षकत्व पालिका प्रमुखमा निहीत रहनेछ । युवा सञ्जालले बढीमा ७ जना रहने गरी सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

(५) गाउँपालिका प्रमुख, उपप्रमुख वा कार्यपालिका सदस्यलाई पालिका युवा सञ्जालले बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) पालिका युवा सञ्जालको कार्यालय संचालन तथा बैठक व्यवस्थापन सम्बन्धी कार्यालयलाइ आवश्यक पर्ने फर्निचर तथा मसलन्द सामानको व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।

## **१६. गाउँपालिका युवा सञ्जालको काम, कर्तव्य र अधिकार**

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) परिषदसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) पालिकास्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलककार्यक्रम सञ्चालन गर्ने ।

(४) लागुऔषध विरुद्धका अभियान,वालविवाह, आत्महत्या जस्ता सवालहरु र सामाजिक अन्धविश्वासर कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा पैरवि/ वकालत कार्यक्रमहरु सञ्चालन गर्ने ।

(५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदको बेला विपद पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, परिषद तथा गाउँपालिका समन्वय सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(६) राष्ट्रिय युवा परिषद प्रदेश युवा, पालिका युवा परिषद र मातहतका निकायहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(७) पालिका स्तरमा युवाको तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(८) गाउँपालिकाले संचालन गरेको बालमैत्री स्थानिय सुशासनयुक्त पालिका घोषणाको अभियान तथा सोको कार्यान्वयनमा सक्रिय रुपले सहभागि हुने ।

(९) गाउँपालिकाले संचालन गरेका अभियानमुलक अन्य कार्यक्रमहरुमा गाउँपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागि हुने ।

(१०) परिषदले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने|

## १७. युवा क्लब र युवा सञ्जालको कार्यकाल

(१) टोल समुदायस्तरमा गठन भएका युवा क्लब तथा वडा र पालिकास्तरमा गठन भएका युवा सञ्जालको कार्यकाल गठन भएका मितिले एक वर्षको हुनेछ ।

(२) कार्यकाल समाप्न भएको १५ दिन भित्र युवा भेलाले क्लब/ सञ्जाल गठन गरी यस कार्यविधिको दफा ११ बमोजिमको प्रक्रिया पूरा गरी वडा कार्यालयमा सूचिकृत/ आबद्धताको लागि निवेदन दिनुपर्नेछ।

# परिच्छेद ७

# परिषदसँग आबद्धता र कार्यक्रम सञ्चालन

## १८. युवा क्लव\सञ्जाल\युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्ने

(१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका गाउँपालिका क्षेत्रभित्रका र पालिकाभित्र काम गर्न चाहने युवाक्लब/ सञ्जाल\ संघ संस्था परिषदमा अनिवार्य आबद्ध हुनुपर्नेछ ।

(२) आबद्धताका लागि अनुसूची १ बमोजिमको ढाँचामा तोकिएको विवरण भरी तोकिएका कागजात संलग्न राखी परिषद समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिने युवाक्लब/ सञ्जाल\संघ संस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखेमा कार्यकारी समितिले रु. ५००।– दस्तुर लिई अनुसूची-२ बमोजिमको ढाचामा  आबद्दता प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम आबद्ध भएका संघ संस्थाले प्रत्येक वर्षमा रु. २००। – दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम परिषदसँग आवद्द भएका युवाक्लब/ सञ्जाल\संघ संस्थाबाट कार्यान्वय भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद समक्ष पेश गर्नु पर्नेछ ।

(६) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, लगातार दुई आर्थिक वर्षसम्म आबद्धता नविकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा संघ संस्थाको आबद्धता रद्द गर्न सकिनेछ ।

(७) गाउँपालिका भित्र युवासम्बन्धी कार्य गर्ने वा गर्न चाहने कुनै युवाक्लब/ सञ्जाल\संघ संस्थाले कुनै निकाय बाट कुनै प्रकारको आर्थिक सहयोग प्राप्त गर्न वा दिन चाहेमा परिषदको पुर्व-स्वीकृति लिनुपर्नेछ ।

### १९. कार्यक्रम सञ्चालन गर्न सक्ने

(१) दफा १८ बमोजिम परिषदसँग आवद्ध भएका युवाक्लब/ सञ्जाल वा संघ, संस्थाले आफ्नो विधानको अधिनमा रही बेरोजगार युवालाई सीपमूलक वा स्वरोजगार सम्बन्धी तालिम प्रदान गर्न वा सशक्तीकरण गर्न, पिछडिएको समुदाय वा वर्गका युवाको हक, हितको संरक्षणगर्न खेलकुद लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद–८

## उपाध्यक्ष तथा कर्मचारीसम्बन्धी व्यवस्था

### २०. उपाध्यक्ष सम्बन्धी व्यवस्था

(१) गाउँपालिका युवा परिषदको कार्यकारी प्रमुखको रुपमा काम गर्न परिषदको उपाध्यक्षलाई जिम्मेवारी प्रदान गरिनेछ ।

(२) उपाध्यक्षले गाउँ कार्यपालिकाले तोके बमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ ।

(३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदिय जिम्मेवारी पुरा नगरेमा वा परिषदलाई हानी नोक्सानी पुर्याएमा गाउँ कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## २१. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिषदबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(ख) परिषदको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद समक्ष पेश गर्ने,

(ग) परिषद तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषदबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) परिषदको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## २२. कर्मचारी सम्बन्धी व्यवस्था

(१) परिषदको कार्यसञ्चालन गर्न परिषदले सिफारिस गरी गाउँपालिकाले स्वीकृत गरे बमोजिमका संगठन संरचना र कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्त नभए सम्मको लागि गाउँपालिकाले कुनै कर्मचारीलाई परिषदमा काम गर्ने गरी खटाउन सक्नेछ ।

# परिच्छेद–९

# परिषदको कोष सम्बन्धी व्यवस्था

## २३. परिषदको कोष

(१) परिषदको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछनः

क) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त रकम,

ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ) युवा सम्बन्धी संघ संस्थालाई आवद्धता प्रदान गर्दा वा नविकरण गर्दा प्राप्त रकम,

ङ) परिषदले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषदले गाउँपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) परिषदको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ|

(५) परिषदको कोषमा रहने सम्पूर्ण रकम परिषदले तोकेको कुनै बैकमा परिषदको खाता खोली उपाध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन गरिनेछ तर, यस दफा बमोजिमको सबै व्यवस्था नहुन्जेलसम्म गाउँपालिकाको अन्य खर्च खाता सरह गाउँपालिकाको कार्यालयबाट परिषदको खाता संचालन हुनेछ।

(६) परिषदको कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धमा अन्य कुराहरु तोकिए बमोजिम हुनेछ।

## २४. लेखा र लेखापरिक्षण

(१) समितिले आफ्नो आयव्ययको लेखा र लेखापरीक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) गाउँपालिकाले परिषदको आयव्ययको लेखा सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरिक्षण गर्न गराउन सक्नेछ।

(३) परिषदको लेखापरीक्षण गाउँपालिकाले गराउने छ।

# परिच्छेद–१०

# विविध

## २५. भाग लिन नहुने

परिषदको कुनै सदस्य, पदाधिकारीले परिषदको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

## २६. उपसमिति वा कार्यदल गठन गर्न सक्नेः

(१) परिषदले यो कार्यविधि बमोजिम आफुले गर्नु पर्ने कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यकाल तथा काम, कर्तव्य र अधिकार सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद वा कार्यकारी समितिले तोके बमोजिम हुनेछ।

## २७. वार्षिक प्रतिवेदनः

(१) परिषदले आफुले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद र युवा क्लव/ सञ्जालहरुले वर्षभरीमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च परिषदको कोषको तथा स्रोत साधनको अवस्था, परिषदबाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सो को समाधान का उपायसमेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

## २८. निर्देशन दिन सक्ने

(१) गाउँपालिकाले परिषदको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको राय/ सुझाव तथा निर्देशनको पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

## २९. सेवा सुबिधा तथा बैठक भत्ता

समितिका अध्यक्ष/ उपाध्यक्ष र सदस्य तथा दफा (२६) बमोजिमको समिति, उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए बापत गाउपालिकाको आर्थिक कार्यविधि बमोजिम सेवा सुबिधा तथा बैठक भत्ता पाउन सक्नेछन् | उक्त सेवा सुबिधा तथा बैठक भत्ता नियम, विनियम, निर्देशिका बमोजिम हुनेछ |

## ३०. अधिकार प्रत्यायोजन

(१) परिषदले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समिति, अध्यक्ष वा उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी समितिले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, सदस्यसचिव वा परिषदको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ३१. शपथ ग्रहणः

परिषद र कार्यकारी समितिका सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि परिषदको अध्यक्ष समक्ष अनुसूची-३ बमोजिमको शपथ लिनु पर्नेछ ।

## ३२. सहयोग गर्नु पर्ने

परिषदको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु गाउँपालिका र मातहतका निकाय सबैको कर्तव्य हुनेछ।

## ३३. परिषद विघटनः

परिषदले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा गाउँपालिकाले जुनसुकै बखत परिषद वा कार्यकारी समिति विघटन गर्न सक्नेछ।

## ३४. सम्पर्क राख्नेः

परिषदले संघीय सरकार र प्रदेश सरकारसँग सम्पर्क र समन्वय गर्नु परेमा गाउँपालिका मार्फत राख्नु पर्नेछ।

## ३५. विनियम बनाउने अधिकारः

(१) यो कार्यविधिको अधिनमा रही परिषदले आवश्यक विनियम वा निर्देशिका बनाइ स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम वा निर्देशिका बनाउँदा परिषदले कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।

## ३६. कार्यविधिको व्याख्या

यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद भएमा कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ|

## अनुसूची–१

**(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)**

**युवा क्लब/ सञ्जाल तथा संघ संस्थाहरुले आवद्धताका लागि दिने निवेदनको ढाँचा**

मितिः......................

श्री गाउँपालिका युवा परिषद

सुनिलस्मृति गाउँपालिका।

विषयः आबद्ध हुन पाऊँ।

सुनिलस्मृति गाउँपालिका पालिका युवा परिषद कार्यबिधि २०८० बमोजिम परिषदसँग आबद्ध हुन चाहेकाले देहायको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेका छौ। परिषदसँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छौ|

**१. युवा क्लब/ सञ्जाल तथा संघ संस्थाको नामः**........................................................................

**२. ठेगानाः**............ **गाउँपालिका, वडा नं.** ........., **जिल्ला.** ...........

**फोन** ................ **फ्याक्स नं.**....................... **ईमेलः** ................................. **वेभसाईट**.................

**४. युवा क्लब/ सञ्जाल तथा संघ संस्थाको नविकरण बहाल रहने अवधिः**

**५. युवा क्लब\सञ्जाल\ संघ संस्थाका मुख्य पदाधिकारीको नाम, ठेगाना र सम्पर्कः**

क)
ख)
**६. संलग्न गर्नुपर्ने कागजातहरुः**

क) युवा क्लब\सञ्जाल\ संघ संस्थाको दर्ताको प्रमाणपत्रः

ख) निवेदक युवा क्लब\सञ्जाल\ संघ संस्थाको विधानको प्रतिलिपिः

**निवेदकको:नाम, थरः**

**ठेगानाः**

**दस्तखतः**

**पदः**

**युवा क्लब\सञ्जाल\ संघ संस्थाको ठेगानाः**

**संस्थाको छापः**

## अनुसूची २

**(दफा १८ को उपदफा (३) सँग सम्बन्धित)**

**परिषदमा आबद्धताको प्रमाणपत्र**

श्री.....................................ले मिति...........................मा यस परिषदमा आवद्दता हुन पाऊँ भनी दिएको निवेदन उपर कारवाही हुँदा परिषदको मिति .............. को निर्णयानुसार त्यस युवाक्लब/ सञ्जाल संघ संस्था लाई गाउँपालिका  युवा परिषद कार्यबिधि,२०८० को दफा १८ को उपदफा (३) बमोजिम सुनिलस्मृति गाउँ युवा परिषदमा आवद्ध गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

**१. आवद्धता नम्बरः**

**मिति:**

**२.आवद्धता कायम रहने अवधिः**

**प्रमाण–पत्र जारी गर्ने अधिकारीको**

**नाम,थरः–**

**पदः–**

**मितिः–**

**समितिको छापः–**

**यस पानाको पछाडी नविकरण सम्बन्धी विवरण रहने**

| सि.नं. | नविकरण मिति | नविकरण बहाल रहने मिति | नविकरण शुल्क र रसिद नं. | नविकरण गर्ने कर्मचारीको दस्तखत | प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची ३

(दफा ३१ सँग सम्बन्धित)

**शपथ**

म ....................................(नाम) मूलुक जनताप्रति वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ देश र जनताका नाममा शपथ लिन्छु कि सुनिलस्मृति गाउँपालिका पालिका युवा परिषदको .............. पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा समाज प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी, लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहदा जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

**शपथ ग्रहण गर्नेकोः**

**नामः**

**दस्तखतः**

**मितिः**

**पदः**

**शपथ ग्रहण गरेको प्रमाणित गर्नेकोः**

**नामः**

**दस्तखतः**

**मितिः**

**पदः**